चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. २१**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

बुद्धि प्रसाद खतिवडाको छोरा चितवन जिल्ला साविक पिठुवा गा.वि.स. वडा नं. ७ परिवर्तित रत्ननगर नगरपालिका वडा नं. १५ घर भई हाल काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १२ चुनदेवी पञ्चकन्या टोल बस्ने वर्ष ५६ को राजु प्रसाद खतिवडा ........................................................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

गजराज शाक्यको नाति रविरत्न शाक्यको छोरा काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १२ चुनदेवी पञ्चकन्या टोल बस्ने वर्ष ४३ को योगेन्द्र शाक्य ..........१

**वादीको साक्षी**

क) ........................................

**प्रतिवादीको साक्षी**

क) धादिङ्ग जिल्ला,ज्वालामुखी गाउँपालिका, वडा नं. १ बस्ने कुमार घिमिरे ..............................................१

ख) गोरखा जिल्ला, सिरानचोक गाउँपालिका, वडा नं. ३ बस्ने अमृत पाण्डे ..........................................१

**कागज प्रमाण**

क) नागरिकता प्रमाण पत्रको फोटोकपी थान .......१

ख) जग्गा धनि प्रमाण पूर्जाको फोटोकपी थान ......१

ग) मालपोत तथा भुमिकर रसिदको फोटाकपी थान ...............................................................१

घ) नक्साको फोटोकपी थान ............................१

**कागज प्रमाण**

क) नागरिकता प्रमाण पत्रको फोटोकपी थान ............१

ख) जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी थान ............१

ग) विपक्षीले मिति २०७८/०९/२० गते नापी कार्यालयमा जग्गा रेखाङ्कनको लागि पेश गरेको निवेदनको प्रतिलिपी थान ...............................................................१

घ) नापी कार्यालय, कलंकीको मिति २०७८/०९/२७ गतेको फिल्ड मुचुल्काको फोटोकपी थान ............१

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं

**न्यायिक समितिबाट बुझेको साक्षी :** ..............................................................

**प्रमाणहरू :**

१) नापी कार्यालय, कलंकी फिल्ड मुचुल्काको फोटोकपी थान ................................१

२) दर्ता नं. ३०८४ दर्ता मिति २०७९/११/०२ नापजाँच गरेको मिति एकिन गरी यथार्थ व्यहोरा खुलाएको विषयको निवेदन थान ......................................................२

**मुद्दाः जग्गा तथा घर टहरा खिचोला मेटाई पाउँ ।**

**मु.नं. : ३६** **दर्ता मिति : २०७९/०५/०२**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

(क) निवेदक उजुरीकताको नाउँमा मा.पो.का. कलंकीमा एकलौटी दर्ता कायम रहेको का.जि. चन्द्रागिरि नगरपालिका वडा नं. १२ साविक बलम्बु गा.वि.स. वडा नं. ८(क) कि.नं. ५४३ को क्षेत्रफल ०-५-१-० (पाँच आना एक पैसा) जग्गाको पूर्वतर्फ विपक्षीको कि.नं. ४९२ को जग्गा पश्चिम तर्फ कि.नं. ५१६ को घिमिरेको जग्गारहि चारकिल्ला भित्रको मेरो नाम दर्ता हकभोगको जग्गा रहेकोमा विपक्षीले मेरो जग्गातर्फको साँध पर्खाल भत्काई साँधसिमाना नराखिकन उक्त आफ्नो कि.नं.४९२ को जग्गामा ब्लक गाह्रो लगाई टिनको छानो लगाई घर निर्माण गरेकोमा मैले आफ्नो जग्गा एकिन गर्नको लागि नापी कार्यालय, कलंकीबाट पुस महिनामा रेखाङ्कन गरेको चित्त नबुझेकोमा आफ्नो तर्फबाट अमिन लगाई नापजाँच गर्दा मेरो ज.ध.प्र.पुर्जा एवं नक्सामा भएको क्षे.फ. ५-१-० जग्गा नपुगी लगभग ०-०-१-१ (एक पैसा एक दाम) जग्गा निजको जग्गा घुसाई च्यापि घर टहरा बनाएकोले विपक्षीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा, ४७ (१), (ञ) ऐ. २ को क, ख, भ, र ४७ (४) विपरितको अन्यायपूर्ण कार्य गरेको हुँदा बदर गरी न्याय पाउँ भन्ने समेत व्यहोराको वादी राजु प्रसाद खतिवडाको फिराददावी ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

(क) विपक्षी वादीको नाममा दर्ता कायम रहेको का.जि. साविक बलम्बु, गा.वि.स. वडा नं. ८ क को कि.नं. ५४३ को क्षेत्रफल ०-५-१-० क्षेत्रफल जग्गा निजले मिति २०७१/०१/२९ गतेका दिन खरिद गरी लिएको रहेछन् । विपक्षीको जग्गासँग साँध सिमाना जोडिएको मेरो नाममा मा.पो.का. कलंकीमा दर्ता प्रमाणित रहेको ऐ.ऐ. को कि.नं. ४९२ र ४९४ को जग्गाहरु मैले २०७३ सालमा खरिद गरी लिएको हो । खरिद गरी लिएदेखि तिरो, जोत, भोग निरन्तर रहि कुनै विवाद रहेको छैन । विपक्षीले सिमाना एकीन गर्न पुष महिनामा नापी कार्यालय, कलंकीबाट नापजाँच गरेको चित्त नबुझाई निजी अमिनलाई नापजाँच गराउँदा ०-०-१-१ जग्गा नपुग भएको उल्लेख गरी नापी कार्यालय कलंकीबाट मिति २०७८/०९/२७ गते फिल्डमा खटिआउने अमिन हरिहर चौलागाईले नापी नक्सा र ज.ध.प्र. पुर्जा अनुसार फिल्ड मिलेको भनि प्रतिवेदन दिएको र सो फिल्ड मुचुल्कामा म वादी र अन्य सधियारहरुले समेत

सहिछाप गरेका छौं । आफैंले फिल्डमा स्विकार गरी सहिछाप गरेको नापी प्रतिवेदनमा चित्त नबुझाई सँधियार नराखि निजी अमिन ल्याई सँधियार नराखि गराएको नापजाँचलाई आधार लिई गरेको विवादलाई मान्नुपर्ने हुन्छ र मैले खरिद गरिलिदादेखिको समयबाट नक्सा र पुर्जा बमोजिम फिल्डमा जग्गा हालसम्म पनि जस्ताको त्यस्तै रहेको छ । विपक्षीले कसैको षड्यन्त्रमा परी विवाद सिर्जना गरी निवेदन गरेको देखिन्छ । नेपालको संविधानको धारा २५, नागरिक अधिकार ऐन, २०१२ को दफा ९, मुलुकी देवानी संहिता, २०७४ को दफा ९, २८, २७६ (२), २९८, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३१, १३२, १३३ र १७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४७ को उपदफा ४ बमोजिम मुद्दा दर्ता भएतापनि खारेज हुने स्पष्ट उल्लेख भएकोले हदम्याद विहिन प्रस्तुत मुद्दा खारेज गरी झुट्ठा फरेवबाट मुक्ती दिलाई पाउँ भन्ने व्यहोराको प्रतिवादी योगेन्द्र शाक्यको प्रतिउत्तर जिकिर ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

आदेश अनुसार वादीले दर्ता नं. ३०८४ दर्ता मिति २०७९/११/०२ नापजाँच गरेको मिति एकिन गरी यथार्थ व्यहोरा खुलाएको विषयको निवेदनमा मिति २०७८/०९/२७ गते नापी कार्यालय कलंकीको फिल्ड मुचुल्का सहितको निवेदन व्यहोरालाई अध्ययन गर्दा जग्गा रेखाङ्कन गरी चार किल्ला गरेको स्वीकार गरेको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

विपक्षीले मिति २०७८/०९/२० गते नापी कार्यालय कलंकीमा जग्गा रेखाङ्कनको लागि पेश गरेको निवेदनको साथै नापी कार्यालयको मिति २०७८/०९/२७ गतेको फिल्ड मुचुल्काको जग्गा विवाद नरहेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीको कानुनी व्यवसायी विद्वान अधिवक्ता श्री सोम प्रसाद तिम्सिनाले नापी कार्यालयको रेखाङ्कन नियम संगत नमिलेको देखिदा पुन: जग्गा नाप जाँच गराई समस्या समाधान गराई पाउँ भनि राख्नु भएको बहस सुनियो ।

प्रतिवादीको कानुन व्यवसायी विद्वान अधिवक्त दिपक सिग्देलले मिति २०७८/०९/२७ गते निज विपक्षी वादी आफैंले सँधियार समेतको उपस्थितिमा जग्गा नापजाँच गराई जग्गाको सिमाना ठिक छ भनि स्वीकार गरी बसेको अवस्थामा चित्त नबुझेको भएमा सो नापजाँच वदर गरी पुन: नापजाँच गर्ने नियम अनुसारको प्रक्रिया नअपनाई सबै कुरा मानेकै देखिंदा देखिंदै स्थानीय कानुन र प्रचलित कानुनको हदम्याद विहिन उजुरी वदर गरी पाउँ भनि राख्नु भएको बहस सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

क्षेत्रफल ०-०-१-१ (एक पैसा एक दाम) जग्गा खिचोला गरेको हो, होइन ? भन्ने विषय मुख मिलेको देखिएन ।

## निर्णय खण्ड

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुन मुद्दामा मिसिल तथा संलग्न प्रमाण कागज समेत अध्ययन गरी वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सोम प्रसाद तिम्सिनाले गर्नु भएको बहस समेत सुनि बिवादीत जग्गाको क्षेत्रफल ०-०-१-१ (एक पैसा एक दाम) जग्गा खिचोला गरेको, नगरेको सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ विचार गर्दा, वादीको नाउँमा काठमाडौं जिल्ला, साविक बलम्बु गा.वि.स. वडा नं. ८क कि.नं. ५४३ को क्षे.फ. ०-५-१-० (पाँच आना एक पैसा) जग्गाको पूर्व तर्फ विपक्षी योगेन्द्र शाक्यको नाउँमा काठमाडौं जिल्ला, साविक बलम्बु गा.वि.स. वडा नं. ८क को कि.नं. ४९२ र ४९४ को क्षे.फ. ०-४-१-० जग्गामा ०-०-१-१ (एक दम एक पैसा) जग्गा आफ्नोमा पर्ने गरी मिसाई, घुसाई जग्गा खिचोला गरेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा, ४७ (१), (ञ) ऐ. (२) को क, ख, झ, र ४७ (४) बमोजिम जग्गा तथा घर टहरा खिचोला मेटाई पाउँ भन्ने व्यहोराको फिराद दावी भएकोमा प्रतिवादीले नेपालको संविधानको धारा २५, नागरिक अधिकार ऐन, २०१२ को दफा ९, मुलुकी देवानी संहिता, २०७४ को दफा ९, २८, २७६ (२), २९८, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३१, १३२, १३३ र १७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४७ को उपदफा ४ बमोजिम हदम्याद विहिन मुद्दा खारेज गरी पाउँ भन्ने प्रतिउत्तर रहेकोमा आदेश अनुसार वादीले दर्ता नं. ३०८४ दर्ता मिति २०७९/११/०२ नापजाँच गरेको मिति एकिन गरी यथार्थ व्यहोरा खुलाएको विषयको निवेदनमा मिति २०७८/०९/२७ गते नापी कार्यालय कलंकीको फिल्ड मुचुल्का सहितको निवेदन व्यहोरालाई अध्ययन गर्दा जग्गा रेखाङ्कन गरी चार किल्लाको सिमाना स्वीकार गरेको देखिन्छ । मुलुकी देवानी संहिता, २०७४ को दफा २८६, २९८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (४) मा **यस दफामा उल्लिखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले पैंतिस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोले हदम्याद समाप्त रहेको यस विवादमा वादीले** मिति २०७९/११/०२ नापजाँच गरेको मिति एकिन गरी यथार्थ व्यहोरा खुलाएको विषयको निवेदनमा मिति २०७८/०९/२७ गते नापी कार्यालय कलंकीको फिल्ड मुचुल्का सहित सँधियारको उपस्थितिमा जग्गा रेखाङ्कन गरी सहिछाप गराई चार किल्ला कायम गरी स्वीकार गरेको अवस्थामा विवाद नगरेको यस मुद्दाको हदम्यादको अभावमा खारेज हुने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम वादीलाई ३५ दिने म्याद श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद सहित वादीलाई पुनरावेदनको म्याद दिनु । ....................................................................................................१

(ख) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु । ..................................................................................................२

(ग) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । .....३

**न्यायिक समितिका**

संयोजक श्री बसन्ती श्रेष्ठ

सदस्य

श्री सीता मण्डल सत्याल

सदस्य

श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७९ साल फागुन महिना १७ गते रोज ०४ शुभम् ..............................